शान्ति र समृद्धिको संवाहक...

# गौतमबुद्ध सन्देश

www.gautambuddhasandesh.com

राष्ट्रिय दैनिक






वर्ष: ९ | अङ्क : २०९ | २०८० माघ १० गते बुधबार | 24 Jan. 2024, Wednesday | पृष्ठ सङ्ख्या : ४ | मूल्य रु.: ५-


# भियतनाम एयरलाइन्सले भैरहवामा उडान भर्ने



**गौतमबुद्ध सन्देश**

भैरहवा, ९ माघ।

आगामी मार्चबाट भियतनाम एयरलाइन्सले भैरहवामा उडान भर्ने भएको छ। गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा भियतनामको राष्ट्रिय विमान कम्पनीले उडान भर्न चासो राखेपछि उडान हुने भएको हो। भियतनामले उडान थाल्न सकारात्मक संकेत दिएको विमानस्थलले जनाएको छ।

भियतनाम एयरलाइन्ससँग गत दुई सातादेखि लगातार छलफल भइरहेको विमानस्थल महाप्रबन्धक हंसराज पाण्डेले बताए। 'दुई सातादेखि हामीबीच अनलाइन छलफल भइरहेको छ । सुरुमा यहाँको अवस्थाको बारेमा हामीले बतायौं,' उनले भने,' त्यसपछि भियतनामको तर्फबाट राखेको चासो र जिज्ञासाहरूको जवाफ हामीले फर्काएका छौं ।' अहिले चार्टड उडान भर्ने र बजार अध्ययन गरेपछि नियमित उडान पनि हुन सक्ने बताएको पाण्डेले जानकारी दिए।

चार्टड उडान भनेको सेड्युल अनुसार नभइ यात्रु पुऱ्याएर गरिने उडान हो । भियतनाम बौद्धधर्मलम्बीहरूको बाहुल्यता भएको मुलुक हो। त्यहाँका बौद्धमार्गीहरूले लुम्बिनी आइरहने गर्छन् । लुम्बिनीमा पछिल्लो समय भियतनामका पर्यटकहरूको संख्या बढेको छ । कोभिड अघिको तुलनामा अन्य मुलुकका पर्यटकको आगमन कम देखिँदा भियतनामको भने बढेको छ। सन् २०२३ मा १० हजार ४१४ भियतनामीहरूले लुम्बिनी भ्रमण गरेका थिए।

कोभिडअघि सन २०१९ मा ८ हजार ३४५ जना भियतनामी पर्यटक लुम्बिनी आएका थिए । म्यानमार, श्रीलंकन, चिनिया, थाइलगायतका पर्यटक भने कोभिड अघिको तुलनामा घटेका छन् । भियतनामले पछिल्लो समय अर्थतन्त्रमा निकै प्रगति गरेको छ। अर्थतन्त्रमा प्रगति गरेकै कारण भियतनामीहरू घुम्ने क्रम बढेको र त्यसको प्रभाव लुम्बिनीमा पनि परेको लुम्बिनी विकास कोषका सूचना अधिकृत हरि राईले बताए।

'भियतनाम सुपर पावर भइसक्यो । उसको राम्रोसँग अर्थतन्त्र बढेको छ । अमेरिकाको चीनमा भएको लगानी भियतनाम तिर सरेको छ,'उनले भने,'अर्थतन्त्र बलियो भएपछि घुम्ने क्रम पनि बढेको हो । बुद्धिष्ट मुलुक भएकोले लुम्बिनीमा पनि भियतनामका पर्यटकको आगमन बढेको हो।' सूचना अधिकृत राईले भियतनामीहरू चार्टड उडानमार्फत आउन चाहेको बताए । भियनामका पर्यटकहरू गुणात्मक मानिन्छ। भियतनामबाट चार्टड उडान सुरु भएमा अरु अन्तर्राष्ट्रिय उडानहरू पनि थपिन सक्ने आशा गरिएको छ।

यसअघि म्यानमार, कम्बोडियालगायतका देशले चार्टर्ड उडान गर्ने बताए पनि अहिलेसम्म हुन सकेको छैन। कम्बोडियाको नेशनल एयरलाइन्स र म्यानमार नेशनल एयरलाइन्सले गत अक्टोबरबाट चार्टर उडान सुरु गर्ने बताएका थिए। तर हालसम्म उडान नगरेको विमानस्थलका महाप्रबन्धक पाण्डेले बताए । 'कम्बोडियाले कागजै लेखेर दिएको थियो । तर सुरु गरेको छैन। भियतनामसँग भएको छलफलको आधारमा उसले गर्छ जस्तो लाग्छ,' उनले भने।

पछिल्लो समय भैरहवामा फाट्ट फुट्ट केही अन्तर्राष्ट्रिय चार्टर उडान भएका छन् । पुसको पहिलो साता १६७ जना चिनियालाई लिएर हिमालयन एयरलाइन्सको जहाज आएको थियो । चीनको सेन्जेनबाट सिधा भैरहवा आएको जहाजमा चिनिया अन्तर्राष्ट्रिय बुद्धिस्ट एशोसिएसनका उपाध्यक्ष युन सुङलगायतको टोली आएका थिए। त्यस अघि ३० जनाको टोली बैंककबाट आएको थियो। बौद्ध धर्मलम्बीको बाहुल्य भएको पूर्वी एशियाका मुलुकहरूबाट धार्मिक पर्यटकहरू लुम्बिनी आउन सक्ने सम्भावना देखेर भैरहवामा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण भएको हो।

तर उद्घाटन भएको डेढ वर्ष बढी भइसक्दा पनि अन्तर्राष्ट्रिय उडान हुन सकेको छैन। उद्घाटनसँगै जजिराले केही महिना उडान गरे पनि अहिले उसको उडान छैन । नेपाल एयरलाइन्सले क्वालालाम्पुर भैरहवा एकतर्फी उडान मात्र गरिरहेको छ । भैरहवामा अन्तर्राष्ट्रिय विमानस्थल बन्ने भए पछि रूपन्देहीमा निजी क्षेत्रको ठूलो लगानी भएको छ । लगानी डुब्ने भन्दै स्थानीय व्यवसायीहरूले विमानस्थल नियमित चलाउन दबाब दिँदै आएका छन्।

# राष्ट्रियसभा सदस्य निर्वाचनको तयारी पूरा




काठमाडौं।

यही माघ ११ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचनका निम्ति आवश्यक सुरक्षा व्यवस्थासहितको सम्पूर्ण तयारी पूरा भएको छ ।निर्वाचनमा प्रदेशसभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखले मतदान गर्नेछन् । माघ ११ गते बिहान ९ देखि दिउँसो ३ बजेसम्म सम्बन्धित प्रदेशको तोकिएका मतदानस्थल तथा केन्द्रमा मतदान हुनेछ।

निर्वाचन आयोगले कानुनी व्यवस्थाबमोजिम निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शिता तथा भयमुक्त वातावरण कायम राख्न मतदान कार्य समाप्त नहुन्जेलसम्म अहिले प्रचारप्रसार निषेधको अवधि कायम गरेको छ। यस अवधिमा राजनीतिक दलका पदाधिकारी, उमेदवार, दलका भ्रातृसंगठन तथा आचारसंहिता पालना गर्नुपर्ने अन्य व्यक्ति, संस्था वा निकायले निर्वाचन प्रचारप्रसारलगायत कुनै पनि प्रकारका छलफल, अन्तरक्रिया, सभा-सम्मेलन, कार्यशाला, गोष्ठी आदि गर्न नमिल्ने आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए।

यस निर्वाचनमा प्रदेशसभाका सदस्यका निम्ति सेतो रङको कागजमा हरियो रङको मसीको विवरण तथा निर्वाचन चिह्न रहेको मतपत्र र गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखका लागि सेतो रङको कागजमा रातो रङको मसीको विवरण तथा निर्वाचन चिह्न रहेको मतपत्रको व्यवस्था गरिएको छ। निर्वाचनमा प्रदेशसभाका सदस्य र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचकमण्डल रहनेछ।

# सगरहवाबारे १८ वटा मूर्ति निर्माण



बुटवल, ९ माघ।

कपिलवस्तुको ऐतिहासिक, पुरातात्त्विक स्थल सगरहवामा पुस २३ गतेदेखि सुरु भएको प्रथम कपिलवस्तु राष्ट्रिय मूर्तिकला कार्यशाला सकिएको छ । लुम्बिनी विकास कोष मुख्य आयोजक, कपिलवस्तु नगरपालिका, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान काठमाडौं र पर्यटन डिभिजन कार्यलय लुम्बिनी प्रदेश रुपन्देहीसहित स्थानीय संघ संस्थाहरुको आयोजनामा सम्पन्न १५ दिने कार्यशाला सोमबार समापन गरिएको हो।

राष्ट्रियस्तरमा ख्याति प्राप्त १५ जना मूर्तिकार र सोही संख्याका सहयोगी मूर्तिकारहरूले सगरहवासँग सम्बन्धित विषयमा रहेर १८ वटा मूर्ति तयार पारेका छन् । कार्यशाला समापनमा बोल्दै राष्ट्रियसभा सदस्य विमला घिमिरेले लुम्बिनी विकास कोषले कपिलवस्तुको विकासमा बेवास्ता गरेको भन्दै जनस्तरमा गुनासो भइरहेको बेला सगर हवाको ऐतिहासिकता ढुङ्गामा कुँदेर सम्बोधन गरेको बताइन्।

यस्तै प्रदेशसभा सदस्य एवम् पूर्व मन्त्री विष्णु पन्थीले सगरहवामा स्थानीयहरूको अपनत्वमा कार्यशालामार्फत पर्यटनको निभ सुरु भएको बताए । उनले यो कार्यक्रममार्फत सगरहवाको ऐतिहासिकता, पुरातात्त्विक महत्व र जगदीशपुर क्षेत्रको पर्यटन प्रवर्द्धनमा कोसेढुंगा साबित हुने बताए । सांसद पन्थीले कार्यशालाको देशभर प्रचार भएको बताउँदै यो कार्यक्रम कसैका लागि नभई सिङ्गो कपिलवस्तुवासीका लागि भएको बताए।

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले कपिलवस्तुमा सञ्चालित मूर्ति कार्यशाला प्राज्ञिक, सांस्कृतिक र ऐतिहासिक काम भएको बताए। सर्जकहरूले निकै मेहनतका साथ सगर हवाको ऐतिहासिक र यहाँको कथालाई मूर्तिमा उतार्ने काम गरेको उनले बताए।

कार्यक्रममा कार्यशाला निर्देशक समितिका संयोजक एवम् लुम्बिनी विकास कोषका कोषाध्यक्ष ढुण्डिराज भट्टराई (सिद्धिचरण) ले


▶▶ बाँकी पृष्ठ ४ मा...


# पूर्वराजालाई बरालियर नहिंड्न दुर्गा प्रसाईंको आग्रह

## देश तस्कर र सिमित मारवाडी समुहको कब्जामा

**गौतमबुद्ध सन्देश**

बुटवल, ९ माघ।



राष्ट्र, राष्ट्रियता, धर्म संस्कृति र नागरिक बचाउ अभियानका केन्द्रीय संयोजक दुर्गा प्रसाईंले अहिले पूर्वराजा बरालियर विभिन्न स्थानमा घुम्ने गरेको बताउँदै यसरी नहिँड्न आग्रह गरेका छन्।

बुटवलमा मंगलबार आयोजना गरिएको लुम्बिनी "अञ्चलस्तरीय" कार्यक्रमलाई सम्बोधन गर्दै उनले पूर्वराजा ज्ञानेन्द्र शाहलाई आफ्नो अभियानमा लागेमा मात्रै राजगद्धीमा बसाल्न सकिने दाबी गरेका हुन । उनले भने- 'हाम्रो अभियानमा लागेमा, हामीलाई साथ दिएमा मात्रै हामी राजगद्दीमा बसाल्छौं, तर बरालीयर हिडेमा केही गर्न सकिन्न ।' आफुहरुले चाहेको व्यवस्था आउने दिन बैंक र बित्तीय संस्थामा रहेको लालपुर्जा परिवर्तन गरिदिने बताएका छन् । उनले बैंक तथा बित्तीय संस्थामा भएको लालपुर्जाको सट्टा मालपोतबाट आफुहरुले पुर्जा जारी गर्ने उनले बुटवलमा बताएका थिए। उनले फागुन १ गते बाट अहिलेको राज्य व्यवस्था विरुद्धको नयाँ अभियान सुरुवात हुने र यसको लागि सबैले सहयोग गनुपर्ने बताएका थिए। उनले यो अभियानमा पूर्वराजाले पनि साथ दिनेमा आफु विश्वस्त भएको बताएका थिए।

बुटवलका व्यवसायीहरुलाइ अभियानमा जोडिन आग्रह गर्दै उनले सत्यकुरा जहिले पनि तितो हुने भन्दै सत्यको पछि लाग्नको लागि आग्रह समेत गरेका थिए । अहिले देश तस्कर र सिमित मारवाडी समुहको कब्जामा रहेको दाबी गर्दै उनले बैंक तथा बित्तीय संस्थाको कारण जनता मर्ने वातावरणबाट बचाउनको लागि अहिलेको अभियान भएको बताएका थिए।

## सम्पादकीय

### समयमै पुरा होस् सुरुङमार्ग

मृत्युमार्गको नामबाट परिचित सिद्धार्थ राजमार्गको बुटवल-दोभान खण्डमा सुरुङमार्ग बनाउन शुरु बर्षादअघि नै शुरु भएको थियो । चीनको स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कम्पनीले काम शुरु गरेपनि डिजाइन स्वीकृत भएको थिएन। यस्तैमा सुरुङमार्गको दुवैतर्फ पहिरोले क्षति पुऱ्यायो। पहिरोको जोखिमपछि काम बन्द थियो। यसबीचमा डिजाइन पनि स्वीकृत कम्पनीले २ साता अगाडिबाट मुख्य सुरुङमार्ग खन्ने काम सुरु गरेको छ। लामो प्रतीक्षापछि बन्न लागेको सुरुङमार्ग २ लेनको हुने, यसको लम्बाई १ हजार १ सय २६ मिटर रहने तथा सुरुङमार्गमा एक मुख्य र ३ ओटा वाइपास सुरुङमार्ग निर्माण गरिनेछ। आयोजनाअन्तर्गत कुल २३ सय ९८ मिटर सडक निर्माण गर्नु पर्ने छ। जसमा ९ सय ४ मिटर बुटवलतर्फ, ९ सय ४४ मिटर पाल्पातर्फ निर्माण हुने छ। बाइपास सुरुङको कुल लम्बाई ४३१ मिटर छ। जसमा पहिलो बाइपास सुरुङ १ सय ५५ मिटर, दोस्रो १ सय ४५ मिटर, तेस्रो १ सय ३१ मिटर रहेको छ।

सुरुङमार्गले रुपन्देही र पाल्पा मात्र होइन, लुम्बिनी प्रदेशका गुल्मी, अर्घाखाँची, प्युठान, रुकुम, रोल्पासहित गण्डकी प्रदेशका धेरै जिल्लाका बासिन्दालाई प्रत्यक्ष लाभ पुग्ने देखिन्छ। बर्षादमा मात्र होइन, हिउँदमा समेत सुख्खा पहिरो खसेर बर्षेनी धनजनको क्षति ब्यहोर्न बाध्य सिद्धबाबा क्षेत्रमा सुरुङ बनेपछि यसले सुरक्षित यात्रासँगै पर्यटन क्षेत्रको विकासमा समेत सघाउ पुग्नेछ। चीनियाँ कम्पनीसँग २०७८ फागुन २५ मा आगामी ५ वर्षमा निर्माण समापन गर्ने गरी सम्झौता भएको थियो। निर्माण पुरा गरेपछि कम्पनीले ५ वर्षसम्मको मर्मत तथा सञ्चालन गर्नुपर्ने सम्झौता गरिएको छ। ७ अर्ब ३४ करोड रुपैयाँको लागतमा सुरुङमार्ग बन्नेछ। सम्झौताको दुई बर्षपछि शुरु भएको निर्माण कार्य अबको तीन बर्षमा पुरा गर्नैपर्ने हुन्छ। अधिकांश निर्माण कार्य समयमा पुरा नहुँदा सर्वसाधारणले सास्ती भोग्न परिरहेको छ। सडकमार्ग होस् या पुल, अथवा सुरुङमार्ग, ठेक्का ओगटेर पुरा नगर्ने प्रवृत्तिले देशैभरका सार्वजनिक निर्माणका काम बदनाम छन्। चीनियाँ कम्पनीले ठेक्का ओगटेका कतिपय निर्माण कार्य समयमै पुरा हुन नसकेको देखिन्छ। मेलम्ची खानेपानी आयोजना, माथिल्लो तामाकोशी जलविद्युत, गौतमबुद्ध बिमानस्थल, बुटवल-नारायणगढ जस्ता परियोजनाहरुमा ढीलासुस्ती हुँदा देशले ठुलो क्षति ब्यहोर्नुपरेको छ। सिद्धबाबा सुरुङमार्ग चीनियाँ कम्पनीले समयमै पुरा गरेको अपवादको परियोजना बन्न सकोस्। सरकार र स्थानीय निकायहरुले आयोजना पुरा गर्न हरसंभव सहयोग गरुन्।

# समस्यामा अर्थतन्त्र



केशव आचार्य

विश्वको अग्लो भूभाग सगरमाथा रहेको, एसियाका तारा गौतम बुद्धले जन्म लिएको देश हो– नेपाल। जलस्रोतमा विश्वको दोस्रो स्थानमा रहनुका साथै प्राकृतिक स्रोत-साधनमा धनी मानिन्छ। विश्वको तेस्रो ठूलो मुलुक चीन र विश्वको सातौं ठूलो मुलुक भारतबीचमा अवस्थित छ। पूर्व, पश्चिम र दक्षिणमा भारत तथा उत्तरमा चीनसँग सिमाना जोडिएको छ। हिमाल, पहाड र तराई सबै प्रकारका वातावरणको अनुभव गर्न सकिने मुलुकका रूपमा नेपाललाई लिइन्छ। प्राकृतिक स्रोत-साधनबाट सम्पन्न वास्तवमा प्राकृतिक सौन्दर्यतामा विश्वकै धनी मुलुक मानिन्छ।

अर्थतन्त्रलाई दिगो र बलियो बनाउने कार्य मुलुकमा सञ्चालित आर्थिक क्रियाकलापहरूले गरिरहेका हुन्छन्। आर्थिक क्रियाकलाप हरेक मानिसले आफ्नो जीविकोपार्जनका लागि गरिने कार्य हो। यो नितान्त आय सृजना गर्ने कार्यसँग सम्बन्धित रहेको हुन्छ। आर्थिक




क्रियाकलापमा आएको कमीले अर्थतन्त्र कमजोर बन्न पुग्छ। कमजोर अर्थतन्त्रलाई धान्न सरकार आन्तरिक वा बाह्य ऋण लिन बाध्य हुन्छ। अर्थतन्त्रका आधारभूत एकाइहरूमा लगानी गर्नका लागि विभिन्न ऋण, अनुदान स्विकारियो, तर ती सबै बालुवामा पानी खन्याएसरह बने।

वैदेशिक ऋण र अनुदान अनुमानको आधारमा बजेटको अंश बढाइयो। नेपाल सरकारले हरेक वर्ष देशको वास्तविक आम्दानीभन्दा बढीको बजेट सार्वजनिक गर्दै आइरहेको छ। देशको आम्दानीभन्दा करिब ४० प्रतिशतले बढी बजेट सार्वजनिक भइरहेको छ। यो वैदेशिक संघसंस्था वा राष्ट्रले दिन सक्ने ऋण र अनुदानको अनुमानका आधारमा बजेटमा समावेश गरिएको हो। जुन पाइन्छ भन्ने कुनै निश्चित हुँदैन। सम्भावना कम बोकेका क्षेत्रमा बजेट छुट्ट्याइन्छ, तर एक वर्षभित्रमा ती सञ्चालनमै आउदैनन्। बजेट रकमान्तर हुन थाल्छ। साधारणतर्फ लगिन्छ। यसलाई विश्लेषण गर्दा बजेट नीतिकै कार्यान्वयन पक्ष कमजोर देखिन्छ। नीतिगत कार्यान्वयनको पक्ष कमजोर बन्दा निर्धारित उद्देश्य छायामा पर्न जान्छ।

पछिल्ला दिनमा राजनीतिक स्थिरता हुन सकेन। पाँच वर्षको कार्यकालमा धेरै पटक सरकार परिवर्तन हुँदा नीति र कार्यक्रम पनि सरकारपिच्छे परिवर्तन भए। पार्टीगत अन्तरविरोध बढ्दै गयो। विरोधीका लागि विरोध भन्ने संस्कार बस्यो। नेतागणमा व्यक्तिगत सम्पत्ति बटुल्ने होडबाजी चल्न थाल्यो। गुन्डा हात लिएर वा व्यक्तिगत फाइदाका लागि विदेशी अनुकूलको नीति स्वीकार गर्ने रणनीति अवलम्बन गरियो। जिम्मेवारी, पारदर्शिता, दूरदृष्टि नेताहरूमा नष्ट हुँदै गयो। आर्थिक प्रलोभनबाट चुनाव जित्ने परम्परा बस्यो। कानुन सामान्य नागरिकलाई मात्र लाग्ने भयो। कानुनको व्याख्या आफू अनुकूल हुन थाल्यो। सरकारले गरेका नराम्रा पक्षको विरोध गर्ने नागरिकको ज्यान जोखिममा पर्न थाल्यो। उच्च निकायका पद पैसामा खरिद-बिक्री हुन थाल्यो।

नीति निर्माण तहमा आवश्यक योग्यता भएको व्यक्तिको कमी रह्यो। नीतिगत/सांगठनिक भ्रष्टाचार मुलुकभर मौलायो। सरकार आवधिक अवधिअगावै ढलाएर आवश्यकताअनुकूल मन्त्रालय बढाएर मिलीजुली एक-अर्का राजनीतिक दलले व्यक्तिगत प्रतिफल लिने संस्कार बस्यो। गरिबी, बेरोजगारी राजनीतिक दलका लागि समस्या बनेनन्, यो एउटा भोट माग्ने विषयवस्तु मात्र बन्यो। गरिबी र बेरोजगारी अन्त्य गर्ने नारा बोकेर राजनीति हत्याइरहने हतियार बन्यो। एक-अर्कामा दोष लगाउने, देशभित्र समस्या मात्र रहेको, समाधानको स्रोतसाधन परिचालन गर्न नसकेको जस्ता आरोपबाट आफू जनता नजिक बन्ने तर गर्न सक्ने पदमा पुग्दा पनि केही गर्न नसक्नेहरूको जमात राजनीतिक वृत्तमा यथावत छ।

राजनीतिले राजनीतिक इमानदारिता गुमायो, जसका कारण मुलुकले आर्थिक संकटमात्र होइन अस्तित्वको संकट पनि झेलिरहेको छ। उद्योग-कलकारखानालाई प्रोत्साहन होइन, निरुत्साहन गरी बेरोजगारी

**राजनीतिले राजनीतिक इमानदारिता गुमायो, जसका कारण मुलुकले आर्थिक संकटमात्र होइन अस्तित्वको संकट पनि झेलिरहेको छ।**

बढाइनु र बिदेसिन बाध्य बनाइनु। विज्ञ विद्वान्हरूलाई बेवास्ता गरिनु, कमिसनका लागि विदेशी वस्तुलाई प्रोत्साहन गरी आयात गरिनु, स्वदेशी वस्तुले बजारै नपाउनु, संसद्हरू नै अपहरण, लुट, तस्करी, भ्रष्टचारमा लागी संसदीय मर्यादाको उपहास गरिनु, वार्षिक बजेट संसद्लाई भाग लगाउने परम्परा स्थापित गरिनु, पहुँच नहुनेलाई गुणस्तर वृद्धिमा सहयोग गर्नुपर्ने ठाउँमा कोटा प्रणाली सृजना गरी प्रशासनिक संरचनालाई निरीह बनाइनु, अदालत, अख्तियार र सुरक्षा निकाय भागबन्डामा आफूअनुकूल बनाइनु र संस्थागत निष्ठा चक्नाचुर बनाइनुले मुलुक आर्थिक संकटउन्मुख बनिरहेको छ।

पछिल्ला दिनमा उत्पादन र रोजगारीका लागि एउटा पनि ठूला उद्योग खोलिएनन्। भएका उद्योगहरूमा पार्टीगत राजनीति हावी गराई बन्द गराइयो। कृषि अर्थतन्त्रमा आधारित रहँदै आएको मुलुक पछिल्ला दिनमा आयात गरेर मात्र खानुपर्ने स्थितिमा पुग्यो। गरिबीका नाममा आएको सहयोगबाट आफ्नै गरिबी उन्मूलन गरियो। संरचना निर्माण, निर्माण अवधि बढाई उत्पादन लागत बढाउने, जसका लागि ऋण स्वीकारियो, त्यसैमा भ्रष्टाचार मौलायो। देशले ऋण लिनुपर्दा अन्तर्राष्ट्रिय क्रेडिट रेटिङका आधारमा प्राप्त गर्छ। नेपालको क्रेडिट रेटिङ विश्वमा न्यून छ वा रेटिङको दरमै छैन। जसका कारण एउटै उद्देश्यका लागि एउटै देशबाट लिने ऋणको ब्याज फरक हुन्छ, नेपालले अन्य देशको तुलनामा बढी ब्याज तिर्नुपर्ने हुन्छ।

लिएको ऋणको ब्याज तिर्नका लागि ऋण लिएको पैसा उत्पादनमा लाग्नुपर्छ। यसो गर्न सकिएन भने ब्याज तिर्नका लागि पुनः ऋण लिनुपर्ने हुन्छ। यसरी ऋण थपिँदै जाँदा ऋण तिर्न नसकेर मुलुक आर्थिक असफलतातिर लाग्छ। विदेशी मुलुक वा संघसंस्थाले नेपाललाई ऋण दिँदैनन्। क्रेडिट रेटिङ अति न्यून हुन पुग्छ र देशलाई ऋण तिर्न नसक्ने मुलुक भनी घोषणा गरिन्छ। मुलुकको आर्थिक स्थिति निरीह बन्छ। यसरी अर्थतन्त्र निरीह बन्नु देश आर्थिक रूपमा टाट पल्टिनु हो। मुलुकको ऋण कुल गार्हस्थ्य उत्पादनको अनुपातमा ७५ प्रतिशतभन्दा माथि पुग्छ भने उक्त मुलुकलाई आर्थिक रूपमा खतराको सूचीमा राखिन्छ। संघसंस्था टाट पल्टिँदा संस्थाको सम्पत्ति बेचेर ऋण तिरिन्छ, तर देश टाट पल्टिँदा देश नै बेचिँदैन। कुनै पनि सम्पन्न राष्ट्रले आर्थिक उपनिवेशीकरण गर्छ।

आर्थिक रुपमा टाट पल्टिँदा देशको मुद्रा अवमूल्यन हुन पुग्छ। अधिक मुद्राले न्यून वस्तु खरिद गर्न सक्छ। बेरोजगारी बढ्छ, जीवनस्तर घट्छ। स्वयं मुलुककै नागरिकले आफ्नो मुद्रा अस्वीकार गर्न थाल्छन्। मुद्रास्फीति बढेर जान्छ। विश्वमा प्रचलित मुद्राको प्रचलन बढेर जान्छ नागरिकले सोही मुद्राको माग बढाउँछन्। बैंकहरूमा विदेशी मुद्राको अभाव हुन थाल्छ।

पछिल्ला दिनमा नेपालबाट बिदेसिने र आउने रेमिटेन्सको अनुपात तुलना गर्दा रेमिटेन्स धेरै न्यून हुँदै गइरहेको छ। बिदेसिनेहरू उतै बस्ने र उतै खर्च गर्न थाले। विदेशमै उनीहरूले घरजग्गा सस्तो पाउन थाले। बरु नेपालमा रहेको पैतृक सम्पत्तिसमेत बेचबिखन गर्दै विदेश लैजाने क्रम बढिरहेको छ। सरकार त्यही रेमिटेन्समा विभिन्न कर लगाएर वैदेशिक रोजगारीमा गएकाहरूलाई ठगिरहेको छ। देश र जनताको संरक्षण, विकास र कल्याणमा लाग्नुपर्ने राजनीति लुटतन्त्र, गुन्डातन्त्रमा लागेपछि जनतामा वितृष्णा छायो। उनीहरू रहरले होइन, बाध्यताले बिदेसिए। बाध्यतामा बिदेसिएकाहरूबाट कसरी आउँछ, रेमिटेन्स ?

मुलुक आर्थिक रूपमा टाट पल्टिनुमा विदेशी ऋणमात्र दोषी होइन, देशको आर्थिक नीति, अनुत्पादन क्षेत्रमा लगानी, भ्रष्टाचारको स्तर, घट्दो उत्पादन, निर्यातमा कमी, उपलब्ध स्रोत-साधनको न्यून उपयोग, ऋणको दुरुपयोग पनि दोषी हुन्छन्। तर, नेपालको आर्थिक अवस्था स्थायी आर्थिक क्रियाकलापमा निर्भर हुन नसकेका कारण नेपालको अर्थतन्त्रलाई खतराको सूचीमा राखिएको हो। यसबाट बाहिर निस्कनका लागि नेपालले स्वाधीन र समुन्नत आर्थिक नीति अवलम्बन गर्नु आवश्यक छ।

*कारोबारबाट*

# १० लाख जनसंख्या स्वास्थ्य बीमामा आबद्ध

**गौतमबुद्ध सन्देश**

बुटवल, ९ माघ।




लुम्बिनी प्रदेशमा स्वास्थ्य बीमा सेवा लागु भएको तीन वर्षको अवधिमा १० लाख ९२ हजार ६ सय ७३ जना बिमित भएका छन् । यो सङ्ख्या प्रदेशको कुल जनसङ्ख्याको २१ दशमलव ३३ प्रतिशत रहेको स्वास्थ्य बीमा बोर्ड लुम्बिनी प्रदेशका संयोजक जनकबहादुर साउदले बताए।

स्वास्थ्य बीमा बोर्ड लुम्बिनी प्रदेश कार्यालयका अनुसार प्रदेशको कुल जनसङ्ख्या ५१ लाख २२ हजार ७८ मध्ये १० लाख ९२ हजार ६ सय ७३ जना बिमित भएका हुन् । बिमितमध्ये ५ लाख २४ हजार ७ सय ७० पुरुष, ५ लाख ६७ हजार ७ सय ८७ महिला र १ सय १७ जना अन्य समावेश छन् ।

प्रदेशमा बाँकी ७९ प्रतिशत जनसङ्ख्यालाई पनि बीमाको दायरामा ल्याउन पहल भइरहेको बीमा बोर्डका प्रदेश संयोजक साउदले बताए।

नेपाल सरकारले स्वास्थ्य बीमा कार्यक्रम लागु गरेपछि लुम्बिनी प्रदेशको पाल्पामा २०७३ सालमा यसको सुरुवात भएको हो । बिस्तारै अन्य जिल्लामा पनि कार्यक्रम लागु हुँदै २०७७ साल फागुनसम्म प्रदेशका १२ वटै जिल्लामा बीमा सेवा विस्तार भएको थियो।

पाल्पामा २ लाख ३६ हजार ७ सय १७ जना स्वास्थ्य बिमित छन् । सबैभन्दा कम रुकुम पूर्वमा ८ हजार ७ सय २ जना बिमित रहेको स्वास्थ्य बीमा बोर्डको कार्यालयले जनाएको छ।

रुपन्देही जिल्लामा १ लाख ६१ हजार ५ सय ८१, बर्दियामा १ लाख २८ हजार ९ सय ९६, गुल्मीमा १ लाख ७ हजार ३ सय १२, कपिलवस्तुमा १ लाख ४ हजार ४८, अर्घाखाँचीमा ८२ हजार १ सय १६, बाँकेमा ७१ हजार २ सय ५ बिमित छन् । यस्तै, प्युठानमा ६३ हजार ८ सय ८६, दाङमा ४५ हजार ३, नवलपरासी पश्चिममा ४४ हजार १ सय ६८, रोल्पामा ३८ हजार ९ सय ३९ बिमित छन् ।

लुम्बिनी प्रादेशिक अस्पतालमा बीमा बापतको सेवा लिन दैनिक ३ सयभन्दा धेरै बिरामी हुने गर्दछन् । प्रादेशिक अस्पतालका स्वास्थ्यकर्मी दयासागर पन्थीले बीमा गराएको व्यक्ति र अन्य जिल्लाबाट रिफर आएको व्यक्तिले पनि यो स्वास्थ्य बीमाको सेवा लिन पाउने बताए।

स्वास्थ्य बीमा लागु भएका प्रादेशिक अस्पतालहरूमा सेवाग्राही बढेको मेडिकल सुपरिटेन्डेन्ट डा सुदर्शन थापाले बताए । उनले भने, 'विगतमा भन्दा बीमा लागु भएपछि बिरामीको सङ्ख्या वृद्धि भएको छ । जसका कारण अस्पतालमा ल्याब, ओपीडी तथा फार्मेसी व्यवस्थापनमा चुनौती थपिएको छ।'

# तिलौराकोट दरबार क्षेत्रमा उत्खनन शुरु

**गौतमबुद्ध सन्देश**

कपिलबस्तु, माघ ९ ।



राजा शुद्धोधनको राजदरवार एवम् बुद्धले आफ्नो जीवनको २९ वर्ष विताएको ठाँउ प्राचीन तिलौराकोटमा यस वर्षको उत्खनन शुरु भएको छ। उत्खननमा बेलायतको दुरह्याम विश्वविद्यालय, पुरातत्व विभाग र लुम्बिनी विकास कोष र राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय विज्ञहरुको सहभागिता रहेको छ।

उत्खनन कार्य दुरह्याम विश्वविद्यालयका प्रोफेसर रविन्स कनिंघम, पुरातत्व विभागका पूर्वनिर्देशक कोषराज आचार्य, पुरातत्व विभागका प्रमुख पुरातत्व अधिकृत भाष्कर ज्ञवाली र लुम्बिनी विकास कोषका पुरातत्व शाखा प्रमुख हिमाल उप्रेति लगायतको सहभागितामा उत्खनन कार्य अघि बढेको छ।

पुरातत्व विभागका प्रमुख पुरातत्व अधिकृत भाष्कार ज्ञवालीका अनुसार यसअघि उत्खनन गरिएका भग्नावशेषबाट प्राचीन कपिलवस्तु नगरको मुख्य दरबार क्षेत्र तिलौराकोट नै रहेको प्रमाणित भइसकेको र बाँकी उत्खननले तिलौराकोट दरबार क्षेत्रलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न सघाउ पुग्ने छ। उनले तिलौराकोट क्षेत्रमा विगत बर्षहरुमा जस्तै यस बर्ष पनि केन्द्रिय संरचना परिसर र पूर्वि विहार क्षेत्रमा उत्खनन भइरहेको बताए । उनले भने-"विगतमा उत्खनन गर्दा पाएको विभिन्न चरणमा पाएका संरचनाहरु रहेको र ति संरचनाहरुको विस्तृत अध्ययनका लागि उत्खनन गरिदै छ ।" त्यस्तै पूर्वि विहार क्षेत्रमा विगत बर्षमा गरिएको उत्खननबाट केही विहार, पोखरीहरु भेटिएको र ती भेटिएको संरचनाहरुको विस्तृत अध्ययन अनुसन्धानका लागि उत्खनन हुन लागेको ज्ञवालीको भनाई छ।

लुम्बिनी विकास कोषका पुरातत्व अधिकृत हिमाल उप्रेतीका अनुसार विगत बर्षहरुमा मुख्य दरवार क्षेत्र, उत्तरी गेट, मौर्याकालिन पोखरी, समयमाई मन्दिर पछाडी, शिवगढ, कन्थक स्तुप लगायतको क्षेत्रमा उत्खनन भईसकेको बताए। उत्खनन कार्य माघ २६ गते अर्थात फेब्रुअरी ९ सम्म चल्ने छ। युनेस्कोको विश्व सम्पदा केन्द्रमा तिलौराकोट कपिलवस्तुलाई विश्व सम्पदा सुचिमा सुचिकृत गराउनको लागि नेपाल सरकारको तर्फबाट पेस गर्नुपर्ने मनोनयन दस्तावेजमा सँस्कृति पर्यटन तथा नागरिक उड्‌यन मन्त्री सुदन किरांतीद्वारा हस्ताक्षर समेत भइसकेको कोषका प्रमुख प्रशासकिय अधिकृत ज्ञनिन राईले बताए।

# भानु माविलाई सटरसहितको भवन हस्तान्तरण



**गौतमबुद्ध सन्देश**

भैरहवा, ९ माघ।

रुपन्देहीको सिद्धार्थनगर नगरपालिका-९ स्थित श्री भानु माध्यमिक विद्यालयलाई न्यौपाने परिवारले दुईवटा सटरसहितको भवन हस्तान्तरण गरेको छ । सोमबार आयोजित एक कार्यक्रममा विश्व गायत्री स्मृति भवन एवं विश्व गायत्री गरीब तथा जेहेन्दार छात्रवृत्तिका संस्थापक कुन्तीदेवी न्यौपानेले उक्त भवन विद्यालयलाई हस्तान्तरण गरेकी हुन् ।

माता कुन्तीदेवी न्यौपाने र पिता स्वर्गीय लीलाराम न्यौपानेका छोरा विष्णु न्यौपाने प्रसाद न्यौपानेले रु. १० लाखको लागतमा दुई सटरसहितको भवन निर्माण गराउनुभएको श्री भानु माविका प्रधानाध्यापक मोतीलाल सुवेदीले बताए । उनले स्व. लीलाराम न्यौपानेबाट आफूले धेरै कुरा सिक्ने अवसर पाएको बताए। प्रधानाध्यापक सुवेदीले २०३३ सालमा स्थापना भएको श्री भानु माध्यमिक विद्यालयमा न्यौपाने परिवारको सहयोग रहदै आएको बताए। कार्यक्रममा बोल्दै विष्णु प्रसाद न्यौपानेले बुवा स्व. लीलाराम न्यौपानेले स्थापनाकालदेखि नै विद्यालयका लागि केही गर्नुपर्छ भन्ने सोचका साथ सहयोग गर्नुभएको बताए । उनले रुपन्देहीमा झण्डै २९ वटा विद्यालयमा कुनै न कुनै रुपमा सहयोग गरिएको जानकारी दिए । न्यौपानेले भने, 'शिक्षा र स्वास्थ्य क्षेत्रमा गर्नुपनेछ। विशेष गरी सरकारी विद्यालय र सरकारी अस्पतालमा नै सहयोग गर्नुपर्छ भन्ने हाम्रो मान्यता हो।' आगामी दिनमा पनि विद्यालयलाई सक्दो सहयोग गर्ने उनको भनाइ छ।

बिहीबार सिद्धार्थनगर-८ स्थित रुपन्देही लीलाराम न्यौपाने माविलाई रु. ६५ लाखको लागतमा निर्मित ६ कोठे भवन हस्तान्तरण गर्ने कार्यक्रम रहेको उनले जानकारी दिए।

श्री भानु माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष फैज अहमद खानले विद्यालयलाई अझ राम्रोसँग सञ्चालनका लागि न्यौपाने परिवारले थप सहयोग गर्ने अपेक्षा गरे । उनले न्यौपाने परिवारको विद्यालयप्रति माया, ममता रहेको बताए। अध्यक्ष खानले विद्यालय र अस्पताल जस्ता पवित्र ठाउँमा सहयोग गर्नु महत्वपूर्ण कार्य रहेको उल्लेख गरे।


## अखाद्य रंग प्रयोग गरीएको रंगिन कटन क्याण्डी सम्बन्धी जरुरी सूचना

बजारमा खुला रुपमा बिक्री हुने रंगिन कटन क्याण्डी (cotton candy) मा मानव स्वास्थ्यमा गम्भीर असर पुरयाउने अखाद्य रंग रोडामाइन बी (Rhodamine B) को उपस्थिति पाइएको श्री राष्ट्रिय खाद्य तथा दाना रेफरेन्स प्रयोगशालाबाट पुष्टी भएको हुँदा श्री खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग वा मातहतका कार्यालयहरुबाट खाद्य अनुज्ञापत्र प्राप्त गरी लेबल लगाएका बाहेक खुला रुपमा बिक्री वितरण गरीएको कटन क्याण्डीको उपभोग नगर्न नगराउन सम्पूर्ण उपभोक्ता वर्गमा अनुरोध छ।

साथै यस प्रकारको अखाद्य रंगको प्रयोग गरी कटन क्याण्डी उत्पादन तथा बिक्री वितरण नगर्न हुन सबैमा सूचित गरीन्छ। यस सूचनाको बर्खिलाप गरी उत्पादन तथा बिक्री वितरण गरेको पाइएमा खाद्य ऐन नियम बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, भैरहवा
फोन नः ०७१-४२१००५



## लिलाम बिक्री सम्बन्धी शिलबन्दि बोलपत्र आव्हानको सूचना

*(सुचना प्रकाशित मिति : २०८०/१०/१० गते)*

यस कृषि सामग्री कम्पनी लिमिटेड प्रादेशिक कार्यालय भैरहवामा गहुँबीउ तयार गर्दा निस्केको तपशिलको मौज्दातमा रहेको गहु उप-उत्पादन जे-जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्न देहाय बमोजिमको अधिनमा रही शिलबन्दी बोलपत्र आव्हान गरिएकोले गोप्य शिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

१.गहुं - उप-उत्पादन १८.४१३ मेट्रिक टन

**शर्तहरु :**

१. कार्यालय बाट रु.१,०००।-(फिर्ता नहुने गरि) तिरी सूचना प्रकाशित भएको मितिले २१ औं दिन (२०८०।११।०१)गते दिनको १.०० बजे भित्र बोलपत्र फारम खरिद गर्न सकिनेछ।
२. खरिद गरिएको बोलपत्र फारममा आफुले लिन चाहेको गहु,उप-उत्पादन जे-परिमाण माथि उल्लेख छ सोको दररेट राखी सूचना प्रकाशित भएको मितिले २१ औं दिन(२०८०।११।०१)गते दिनको २:०० बजे भित्रमा बोलपत्र फारम खरिद गरेको कार्यालयमा नै शिलबन्दि गरि दर्ता गर्न' पर्ने छ । नियमानुसार पर्न आएका शिलबन्दि बोलपत्रहरु लाई सोही दिनको अपरान्ह ५:१५ बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्र दाता वा निजको प्रतिनिधि हरुको रोहबरमा खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधिको उपस्थित नभएमा पनि बोलपत्र खोल्नमा कुनै बाधा पर्ने छैन।
३. बोलपत्रदाताले आफुले कबोल गरेको अंकको १० प्रतिशतले हुने धरौटी बापतको रकम यस कार्यालयको नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड भैरहवा स्थित खाता नं.०१००१०३००००८३९ मा जम्मा गरेको सक्कलै बैंक भौचर बोलपत्र फारम साथ पेश गर्नु पर्ने छ।
४. बोलपत्र दाताले रित पूर्वक सहि छाप एवम् शिलबन्दी गरी यस कार्यालयमा आफैं आई शिलबन्दी बोलपत्र दर्ता गराउनु पर्नेछ।
५. बोलपत्रदाताले आफुले खरिद गर्न चाहेको गहु, उप-उत्पादन गोप्य शिलबन्दी बोलपत्र फारममा आफुले कबोल गरेको दर रेट अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्न' पर्नेछ। केरमेट भएमा अक्षरलाई मान्यता दिईनेछ।
६. बोलपत्रदाताले फर्म,कम्पनी वा संस्थाको हकमा दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी र व्यक्ती भएमा नागरिकताको प्रतिलिपी अनिवार्य रुपले पेश गर्न' पर्नेछ।
७. बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको जानकारी पाएको ७ औं दिन भित्र कबोल गरेको कुल रकम यस कार्यालयमा जम्मा गरी बील कटाई सम्पूर्ण सामान उठाई लैजानु पर्नेछ। निर्धारित समय भित्रमा सामान उठाई नलगेमा निजले राखेको धरौटी बापतको रकम जफत गरिनेछ।
८. बोलपत्र स्विकृती भए पछि आफुले सकार गरेको सामान यस कार्यालयको गोदामबाट उठाई लैजान लाग्ने सम्पूर्ण खर्च र कस्ती गर्ने बोरा समेत स्वयम्ले नै व्यहोर्न' पर्नेछ।
९. रित नपुगेका वा म्याद नाघि आएको बोलपत्र उपर कुनै कार्यवाही हुने छैन।
१०. प्राप्त भएको बोलपत्र स्वीकृत गर्ने/नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।
११. बोलपत्र खरिद र खोल्ने दिन सार्वजानिक बिदा परेमा सोको भोलिपल्ट उक्त कार्य गरिने छ।
१२. यस सम्बन्धि अन्य कुराहरु प्रचलित कानुन र ऐन नियमानुसार हुनेछ। अन्य आवश्यक कुरा बुझ्नु पर्ने भएमा वा लिलाम हुने सामानको नमुना हेर्न' परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ।

**कृषि सामग्री कम्पनी लिमिटेड**
प्रादेशिक कार्यालय,भैरहवा
फोन नं.०७१-५७०१४०

क.र.दर्ता नं. १४५१६७/०७२/७३
रुपन्देही जि.हु.दर्ता नं. १२/०७१/७२

# इही र कयेता पूजाको तयारी तीव्र

**गौतमबुद्ध सन्देश**
बुटवल, ९ माघ।

प्रत्येक वर्ष बुटवलमा हुँदै आएको नेवाः कन्याहरुको इही तथा बटुकहरुको कयेता पूजाको तयारी तीव्र पारिएको छ।

माघ २० र २१ गते बुटवलस्थित भूपु सैनिक मैदानमा हुने इही र कयेता पूजाको तयारी अन्तिम चरणमा पुगेको आयोजक नेवाः सेवा समितिका अध्यक्ष चिरन्जिवी श्रेष्ठले बताए।

काठमाडौंबाट नेवाः पुरोहीत र (राजोपाध्याय) द्यो माँ बोलाएर गरिने नेवारी विधि र परम्पराको इही र कयेता पूजाका लागि विभिन्न समितिहरु बनाइएको अध्यक्ष श्रेष्ठले जानकारी दिए । उनका अनुसार पूजालाई व्यवस्थित र विधिसम्मत बनाउन समितिका सचिव लक्ष्मण श्रेष्ठ र सदस्य भगवती श्रेष्ठलाई संयोजक तोकिएको छ भने त्यस अन्तर्गत विभिन्न उपसमिति बनाइएको छ।

बुटवल र यस आसपासका नेवाः समुदायबाट प्रतिनिधित्व हुँदै आएको इही तथा कयेता पूजामा हालसम्म ७० बढी कन्याहरु र २० बढी बटुकहरुको नाम दर्ता भइसकेको संयोजक लक्ष्मण श्रेष्ठले जानकारी दिए। इहीमा पहिलो रोहमा कजि कन्या एकजना, दोस्रो रोहमा पञ्चकन्या ५ जना, तेस्रो रोहमा ९ कन्या, चौथो रोहमा २१ कन्या र त्यसपछि सहभागी कन्याहरुलाई राखेर पूजाको व्यवस्था मिलाइएको संयोजक श्रेष्ठले बताए। सहभागी कन्याहरुबाहेकको सबै रोहको स्थान पूर्ण भइसकेको र साधारण रोहका लागि भने इच्छुक नेवाः कन्याहरुको नाम दर्ता जारी रहेको उनले बताए।

इहीका लागि प्रतिकन्या ३ हजार ५०० दर्ता शुल्क लिइएको र कयेता मूजाका लागि प्रतिबटुक १० हजार शुल्क लाग्ने उनले बताए। सोही शुल्कमा खाना, फूल प्रसादको समेत आयोजकले व्यवस्थापन गर्ने उनले जानकारी दिए

# आर्मीको ४ विकेटको जित

**प्रधानमन्त्री कप**

**गौतमबुद्ध सन्देश**
भैरहवा, माघ ९।

त्रिभुवन आर्मी क्लबले प्रधानमन्त्री कप एकदिवसीय पुरुष क्रिकेट प्रतियोगितामा नेपाल एपीएफ क्लबमाथि ४ विकेटको जित निकालेको छ। रुपन्देहीको भैरहवास्थित सिद्धार्थनगर क्रिकेट मैदानमा मंगलबार एपीएफलाई हराउँदै आर्मीले प्रतियोगितामा तेस्रो जित निकालेको छ। आर्मीले जितका लागि एपीएफले दिएको १ सय २२ रनको लक्ष्य २४औं ओभरमा ६ विकेटको नोक्सानीका पूरा गर्यो।

यससँगै आर्मीले ५ खेलमा ३ जित र २ हारका साथ ६ अंक जोडेको छ। एपीएफले भने ५ खेलमा २ जित र ३ हार ब्यहोर्दै सातौं स्थानमा छ। आर्मीका लागि कप्तान विनोद भण्डारीले नटआउट ३४ रन जोड्दै टिमलाई जित दिलाए। उनले ४० बलमा ४ चौका र १ छक्का प्रहार गरे। कुशल मल्लले १९ र बसिर अहमदले १८ रन जोड्ने क्रममा समान २-२ चौका र १-१ छक्का प्रहार गरे। बलिङमा एपीएफका रमेश कुर्मीले २ विकेट लिँदा मौसम ढकाल र कप्तान रोहितकुमार पौडेलले समान १-१ विकेट लिन सफल भए।

यसअघि कप्तान रोहितकुमार पौडेलले संघर्षपूर्ण अर्धशतकको मद्दतमा नेपाल एपीएफ क्लबले १ सय २१ रनको सामान्य योगफल बनाएको थियो। टस हारेर ब्याटिङको निम्तो पाएको एपीएफ ३२ ओभर ४ बलमा अलआउट भएको थियो। खराब मौसमका कारण ३६ ओभरमा झारिएको खेलमा एपीएफले सुरुवाती दुवै ओभरको पहिलो बलमा क्रमशः ओपनर प्रज्वल शाही र पुरन विक (३) लाई गुमाउँदा टिम संकटमा परेको थियो। दोस्रो ओभरमा ब्याटिङका लागि आएका कप्तान रोहित ३३औं ओभरमा नवौं विकेटको रुपमा पेभेलियन फर्किए। उनले १ सय ३ बलको सामना गर्दै ५९ रन जोडे। स्पिनर बसिर अहमदको बलमा ठूलो सट खेल्ने क्रममा क्याच आउट हुनुअघि उनले २ चौका र २ छक्का प्रहार गरेका थिए।

एकतर्फ लगातार विकेट झर्दा रोहितले अर्कातर्फबाट सम्हालिएर विकेट जोगाएर रन बटुलेका थिए। एपीएफका लागि भुवन कार्कीले १६ र सुमित महर्जनले १४ रन जोड्नुबाहेक अन्य खेलाडीले दोहोरो अंकमा रन बटुल्न सकेनन्। आर्मीका लागि प्लेयर अफ द म्याच समेत भएका सोमपाल कामीले ३ विकेट लिँदा अभिनाश कर्णले २ तथा विवेक यादव, साहब आलम र बसिर अहमदले समान १-१ विकेटको सफलता प्राप्त गरे।

# सिद्धार्थनगर नगरपालिकाको

## नगरवासीहरुमा हार्दिक अनुरोध

१. जन्म दर्ता, विवाह दर्ता, मृत्यु दर्ता, सम्बन्ध विच्छेद, एवं बसाई सराई जस्ता व्याक्तिगत घटना समयमै दर्ता गरौं।
२. सार्वजनिक स्थल, नदी एवं खोला नालाहरुलाई फोहोर ढल विर्सजन स्थलको रुपमा प्रयोग नगरौं।
३. घरको नक्शा पास गरेर मात्र घर निर्माण गरौं, भवन संहिताको पालना गरौं।
४. सडक अवरोध हुने गरि निर्माण सामग्री नराखौं।
५. आफ्ना चौपाया छाडा नछोडौं, दुर्घटना न्यूनिकरणमा सहकार्य गरौं।
६. नगरपालिकामा तोकिएको कर शुल्कहरु समयमै बुझाई विकास निर्माणमा सक्रिय सहभागि बनौं।
७. प्लाष्टिकका झोलालाई निरुत्साहित गरौं ,
८. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफ्नो नाम भत्ता पाउने लिस्टमा छ छैन प्रत्येक वर्षको साउन महिनामा आ-आफ्ने वडा कार्यालयमा गई बुझौं र ढुक्क बनौं।
९. फोहोर अव्यवस्थित रुपमा खाली जग्गा, सार्वजनिक स्थल, सडक नदी नहरका छेउ फाल्दा नगर नै दुर्गन्धित हुने भएकाले यसरी अव्यवस्थित रुपमा फोहोर फाल्ने कार्य तत्काल बन्द गरी फोहोर उत्पादन तहमै स्थानीय टोल समुदाय तहमै व्यवस्थित गर्न, फोहोर संकलन गर्ने सवारी साधन (टेक्टर, टिप्पर आदि) मा राखि पठाई नगर सफा राख्ने अभियानमा सहयोग गर्नुहुन अनुरोध छ।
१०. फोहोर जथाभावी सडक, नाली, कुला, खोलानाला, चौर कतैपनि फाल्ने व्यक्तिलाई, व्यवस्थापनमा अवरोध गर्नेलाई सिद्धार्थनगर नगरपालिकको फोहोर व्यवस्थापन ऐन बमोजिम जरिवाना तथा कैद सजाय हुने कानुनी प्रावधान रहेको व्यहोरा समेत जनकारी गराउदछौं।
११. सवारी साधन जथाभावी रुपमा पार्किङ्ग नगरौं।
१२. राजमार्ग तथा सहायक मार्गहरु मिचि सडकमा भौतिक संरचना निर्माण समाग्री नराखौं।
१३. आफ्नो टोललाई हप्ताको एक दिन नियमित रुपमा सफा गर्ने गरौं।

**सिद्धार्थनगर नगरपालिका**
नगरकार्यपालिकाको कार्यालय, रुपन्देही

# सगरहवाबारे...

सगर हवाको पुरातात्त्विक स्थलको ऐतिहासिकता उजागर गर्न र यहाँको पर्यटन प्रवर्धनका लागि जनतासँग मिलेर पहिलोपटक नयाँ मोडेलमा काम गरेको बताए।

कार्यशालामा भएको मूर्तिकारहरूको खर्च लुम्बिनी विकास कोषका तर्फबाट नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान मार्फत भुक्तानीका लागि २६ लाख २५ हजारको चेक कार्यक्रममै प्रदान गरिएको छ। प्राचीन कपिलवस्तु राज्यको पतनको मुख्य कारण मानिएको सगहरवामा शाक्यहरूको सामूहिक नरसंहारको घटनालाई प्रस्तरमा उतार्नका लागि कार्यशाला गरिएको थियो। सगहरवा कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवाबाट ९ किमी र तिलौराकोटबाट ६ किमी उत्तरमा रहेको छ भने पूर्व पश्चिम राजमार्गको बनगाइबाट ७ किमी तथा नेपालको दोस्रो पंक्षी आरक्ष जगदीशपुर तालको दक्षिणमा रहेको छ। सगरहवा तालको पश्चिम र दक्षिण भागमा शाक्यहरूले आफ्नो वंशको नरसंहार भएपछि उनीहरूको सम्झनामा सयौं स्तुपहरूको निर्माण गरेको चिनियाँ यात्री हुएन साङ्गो सन् ६३६ को यात्रा वृत्तान्तमा उल्लेख गरिएको पाइन्छ। सन् १८९७ मा डा. फुरर्हरद्वारा गरिएको उत्खनन तथा अन्वेषणमा शाक्य सेनाहरूको सम्झनामा निर्माण गरिएका ठूलो वर्गाकारका १७ वटा स्तूप र धेरै सत्ं यामा साना स्तूप भेटिएको थियो। स्तूपभित्र ह•ी, सुन, चाँदी, क्रिस्टल तथा रुबी जस्ता सामाग्री रहेको पाइएको थियो।





**पसल सरेको सूचना**

**ओजोन फार्मेसी तथा औषधि पसल**

देवकोटा चोकदेखी बुद्ध चोक (बजाज शोरुम देखी पुर्व तर्फ) भैरहवामा सरेको जानकारी गराउँदछौं।

सम्पर्क: प्रो. रामचन्द्र पाल
९८५७०४८६१७
९८२१९४९१३९


# Bhumikasthan Municipality

**Nuwakot, Arghakhanchi**
**Lumbini Province, Nepal**

## Invitation for Bids

Date of publication: 24-01-2024 (2080-10-10)

1. Bhumikasthan Municipality invites electronic bids from eligible bidders for the following works under National Competitive Bidding - Single Envelope Bidding procedures.
2. Bidders may obtain further information and inspect the bidding document may visit PPMO website www.bolpatra.gov.np/egp. and download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp.
3. Bidder who chooses to submit their bid electronically can download the bidding documents for e-submission from PPMO's e-GP system www. bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically should deposit the cost of **NRs.1000/-** as bidding document fee in the account as specified below:

**Information to deposit the cost of bidding document in Bank:**
- Name of the Bank: Parbhu Bank Ltd.
- Name of Office: Bhumikasthan Municipality Office
- Office Account no: 2587086986800138
- Account Name : Internal Revenue.

4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 08th February, 2024 13:00 hours at the office of Bhumikasthan Municipality Arghakhanchi Lumbini Province Nepal. Bid Security must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format which shall be valid for 30 days beyond the validity period of the bid.

**Information to deposit the BID Security Amount in Bank:**
- Name of the Bank: Parbhu Bank Ltd.
- Name of Office: Bhumikasthan Municipality Office
- Office Account no: 2587086986800048
- Account Name : Dharouti Account.

5. Pre-bid meeting shall be held at Bhumikasthan Municipality Arghakhanchi Lumbini Province, Nepal at 02st February, 2024 13:00 hours.
6. Electronic bids must be submitted to the office Bhumikasthan Municipality, Arghakhanchi, Lumbini Province, Nepal through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 08-02-2024 12:00 PM. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 08-02-2024 13:00 hours at the office of Bhumikasthan Municipality Arghakhanchi Lumbini Province, Nepal.

**Bidders other details are as given below:**

| Tender No. | Name of Project | Bid Price | Estimate cost (Exclusive of VAT and Contingencies) | Bid Security Amount In NRs | Bid security valid period |
|---|---|---|---|---|---|
| 16/BMA/W/ UPG/080/81 | Kapani Neta Kalapani Gahate Jimure Khola, Kalimati Bisara Siteni Motorable Road Strengthening Works. | NRs. 1000.00 (Not Refundable) | 1298532.85 | 37500 | **75 Days** |
| 17/BMA/W/ UPG/080/81 | Pipalneta Fulbari Motorable Road (Firfire Section) Upgrading Works. | NRs. 1000.00 (Not Refundable) | 432896.28 | 12500 | |
| 18/BMA/W/ UPG/080/81 | Bhumikasthan Pipalneta Multanki Motorable Road Upgrading Works. | NRs. 1000.00 (Not Refundable) | 1298528.90 | 37500 | |
| 19/BMA/W/ UPG/080/81 | Milanchowk Kuchurepani Ward Office Thulakharka Chautara Motorable Road Upgrading Works. | NRs. 1000.00 (Not Refundable) | 1298697.82 | 37500 | |
| 20/BMA/W/ UPG/080/81 | Dharapani Falamkhilli Motorable Road Strengthening Works. | NRs. 1000.00 (Not Refundable) | 1298690.25 | 37500 | |

8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**गौतमबुद्ध मिडिया प्रा.लि.** द्वारा प्रकाशित **गौतमबुद्ध सन्देश दैनि**कका लागि **अध्यक्ष** : खिम बहादुर खत्री, **प्रबन्ध सम्पादक** : बिष्णु प्रसाद भट्टराई, **सम्पादक** : कुलमणि ज्ञवाली, **सह–सम्पादक** : रबिन्द्र प्रताप गुप्ता
**प्रधान कार्यालय** : सि.न.पा.-७ भैरहवा, रूपन्देही, **फोन नं.**:०७१-५७४३३०, **Email: gbsnews7@gmail.com** (समाचार), **gbsadd2018@gmail.com**(विज्ञापन) मुद्रण : रुरु प्रिन्टिङ प्रेस, बुटवल